# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**प.सं./Ref. No.:- ०७६/०७७** फोन नं. ०६५-५७२४३६

**च.नं./Des. No.** मिति: २०७७।०१।१८

### भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

| सि.नं. | मिति २०७७/०१/२५ सम्म सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | बिरामी ओसारपसार गर्ने एम्बुलेन्स/सवारी साधनहरु सञ्चालन हुन दिने | अनुमति आवश्यक नपर्ने |
| २ | औषधि बिक्रिबितरण एवं औषधि ढुवानी सेवा सञ्चालन हुन दिने | |
| ३ | मलामी/क्रियापुत्रीलाई क्रिरियाबस्ने स्थान सम्म पुऱ्याउने सवारी चल्न दिने | |
| ४ | मृतकको दाहासंस्कार गर्ने कार्यमा सकेसम्म न्यून व्यक्तिहरु संलग्न हुने व्यवस्था मिलाई आवतजावत गर्न दिने | |
| ५ | इन्धन बोक्ने सवारी साधनहरु (ग्याँस, डिजेल, पेट्रोल) डिलर वा पेट्रोलपम्प सम्म ढुवानी गर्ने | |
| ६ | विद्युत, सञ्चार, खानेपानी आपुर्ति सेवालाई सुचारु गर्न खटिने प्राविधिकहरुलाई नगरक्षेत्रभित्र आवतजावत गर्न दिने | कर्मचारी परिचयपत्र आवश्यक पर्ने |
| ७ | स्वास्थ्य तथा अत्यावश्यक सेवामा खटिने (यस नगरपालिकाका कर्मचारी समेत) कर्मचारीहरुलाई आवतजावत गर्न दिने | |
| ८ | सरकारी कामको सिलसिलामा खटिएका संघीय, प्रदेश तथा अन्य स्थानीय तहका कर्मचारीहरु, बैंकका कर्मचारीहरु, शिक्षकहरु | |
| ९ | पशुपंक्षीका दाना तथा अत्यावश्यक खाद्यान्न आयात अपरान्ह ४ बजे देखि राती १० बजेसम्म तथा ग्राहकहरुलाई विहान ६ बजे देखि १० बजेभित्र बितरण गरिसक्ने व्यवस्था मिलाउने | |
| १० | यस नगरक्षेत्रभित्र रहेका अत्यावश्यक खाद्यान्न आपूर्तिकर्ताहरुलाई देहायको स्वास्थ्य सुरक्षा व्यवस्था मिलाई अत्यावश्यक खाद्यान्न आयात गर्न अनुमति दिने<br>• सवारी चालकले अनिवार्य रुपमा मास्क र पञ्जा लगाउने व्यवस्था गर्ने<br>• सवारी चालकले खाद्यान्न ढुवानी पश्चात आफूले लगाएको लुगा, पञ्जा र मास्क खोलेर अलग्गै राखी सावुनपानीले राम्रोसँग नुहाएर मात्र अन्य क्रियाकलापमा सहभागी हुने<br>• खाद्यान्न ढुवानी गर्ने गाडीलाई डिसईन्फेक्सन गरेर मात्र ढुवानी गर्ने व्यवस्था मिलाउने<br>• खाद्यान्न लोड अनलोड गर्ने मजदूरहरुको पर्याप्त स्वास्थ्य सुरक्षा भएको एकिन गरेर मात्र लोड अनलोड गराउने<br>• खाद्यान्न ढुवानी गर्ने सवारीसाधनमा कुनै हालतमा पनि यात्रु नचढाउने<br>• उल्लेखित मापदण्ड उल्लंघन गर्नेलाई नगरपालिका क्षेत्रमा अर्कोपटक ढुवानी गर्ने अनुमति नदिईने | |
| ११ | अत्यावश्यक खाद्यान्न बिक्रि गर्ने पसलहरु देहायका सुरक्षा प्रबन्ध अनिवार्य रुपमा मिलाई बिहान ६ बजे देखि १० बजे सम्म (४ घण्टा) खुल्ला गर्ने<br>• बिक्रिकर्ताले अनिवार्य रुपमा पञ्जा प्रयोग गर्नुपर्ने,<br>• विक्रीगर्ने वस्तुहरु ग्राहकलाई छुन नदिने,<br>• ग्राहकलाई पसल भित्र पस्न नमिल्ने गरी मजबुत डोरीको घेरा बनाउने<br>• ३/३ फिटको दुरीमा ग्राहक उभिन मिल्ने (Social Distance) व्यवस्था मिलाउने<br>• उल्लेखित प्रबन्ध नगरी खुलेका पसलहरुलाई तत्काल बन्द गरिनेछ । | |
| १२ | ग्रामिण क्षेत्रमा अत्यावश्यक खाद्य सामाग्री आपूर्तिकर्ताहरुले सम्बन्धित वडा कार्यालयहरुको सिफारिशमा नगरपालिकाको अनुमति प्राप्त गरेपछि मात्र बिहान १० बजे भित्र भिमाद बजारबाट सम्बन्धित वडातर्फ प्रस्थान गरि ढुवानी गर्ने | |
| १३ | भिमाद नगरपालिका क्षेत्रभित्र उत्पादन भएका दुध, तरकारीहरु बेचबिखन गर्न पाउने | |
| १४ | भिमाद नगरपालिका भन्दा अन्यक्षेत्रमा उत्पादन भएका तरकारी, फलफूल, पशुपंक्षीहरु भित्रिन नदिने | |

मान सिंह थापा
शासकीय अधिकृत